का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ कात्तिक २०७९,
शनिबार
5 November 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २५९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# आक्रामक चुनावी प्रचारमा दलहरु

## चुनावलाई प्रतिष्ठाकै रुपमा लिएर सत्तापक्ष र प्रतिपक्ष आक्रामक रुपमा देशभर चुनावी प्रचारमा उत्रिएका छन् ।



ठूलो मूल्य चुकाएर आएको संविधान च्यात्ने प्रयत्न रोक्नुपर्ने छ । विद्युत् आयोजनाहरू निर्माणले मात्र देशमा ठूलो रोजगारी सिर्जना हुने भएकोले गठबन्धनले पहिलो प्राथमिकतामा जलविद्युत् विकासलाई राखेको छ ।

**शेरबहादुर देउवा**
प्रधानमन्त्री एवं कांग्रेस सभापति



नेपालले आफ्नो एक इन्च जमिन पनि कसैलाई छाड्नेवाला छैन । मिचिएको भए फिर्ता ल्याउँछ । हामीले नक्सा जारी गरेका छौं, संसद्ले सर्वसम्मतीले पारित गरेको छ । आज फेरि ग्यारेन्टी गर्न चाहन्छौं ।

**केपी ओली**
अध्यक्ष, नेकपा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ कात्तिक

निर्वाचन आयोगले आमसभा, जुलुससहितका प्रचारका लागि समय दिएसँगै उम्मेदवारहरू चुनावी प्रचारका उत्रिएका छन् । चुनावलाई प्रतिष्ठाकै रुपमा लिएर सत्तापक्ष र प्रतिपक्ष अझ आक्रामक रुपमा देशभर चुनावी प्रचारमा उत्रिएका छन् ।

नेकपा एमालेले दार्चुलाबाट राष्ट्रियताको मुद्दालाई मुख्य मुद्दा बनाएको प्रष्ट सन्देश दिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको चुनावी अभियानको सुरुवात गर्दै सीमाको विषयमा भारतलाई सानो चित्त नदेखाउन आग्रह गरे ।

दार्चुलाको सदरमुकाम खलंगामा चुनावी अभियानको पहिलो कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले भने, 'नेपालले आफ्नो एक इन्च जमिन पनि कसैलाई छाड्नेवाला छैन । हामी एक इन्च जमिन पनि मिचिन दिनेवाला छैनौं । मिचिएको भए फिर्ता ल्याउँछ । हामीले नक्सा जारी गरेका छौं, संसद्ले सर्वसम्मतीले पारित गरेको छ । आज फेरि ग्यारेन्टी गर्न चाहन्छौं ।'

कार्यक्रममा ओलीले दार्चुलामा बाटो निर्माण गर्नेको विषयमा भारतले झमेला झिकेको बताए । नदी वर सर्दैमा सीमा नसर्ने भन्दै ओलीले भारतलाई सानो चित्त नदेखाउन आग्रह गरेका हुन् । ओली प्रधानमन्त्री हुँदा लिम्पियाधुरासहितको भूभाग समेटिएको नक्सा जारी गरेको थियो । चुच्चे नक्साको विषयमा एमालेको निर्वाचनमा प्रमुख एजेन्डाको रुपमा छ ।

एमालेको केन्द्रीय चुनावी अभियान अध्यक्ष ओलीले दार्चुलामा सुरुवात गरेका छन् । उनले शुक्रबार नै बैतडी र कञ्चनपुरको कार्यक्रमलाई सम्बोधन गरे । चुनावको अवधीभर अध्यक्ष ओलीले ४० जिल्लामा सम्बोधन गर्ने कार्यक्रम छ ।

शुक्रबार नै बैतडीको चुनावी सभामा बोल्दै अध्यक्ष ओलीले वर्तमान सरकारलाई कठपुतलीको संज्ञा दिए । 'टालाटुली बटुली, कति राम्री कठपुतली । यो कठपुतली हो । यस्ताबाट सरकार चल्दैन । देश चल्दैन, बन्दैन ।' ओलीले भने ।

आगामी चुनाव पछि आफ्नै नेतृत्वमा एमाले सरकार बनाउने ओलीले बताए । आफ्नो सरकार बनाउने नारा मञ्चबाटै ओलीले लगाएका थिए । यसपछि ओलीले भने : मंसिर ४ । सहभागीले भने : ओली सरकार । सानो स्वरमा आएको जवाफप्रति ओलीले चित्त बुझाएनन् । ओलीले फेरि त्यही नारा लगाए: मंसिर ४ । सहभागीले भने: ओली सरकार । ओलीले अर्को नारा लगाए : गठबन्धन वाइवाई, एमाले हाइहाइ ।

उसो त सत्ता गठबन्धन पनि उस्तै गरी चुनावी प्रचारमा छ । एमालेले राष्ट्रियताको मुद्दा उचालेर र गठबन्धनलाई गाली गरेर आफ्नो सरकार बन्ने भनी जनतालाई कन्भिन्स गराउन खोजिरहँदा सत्ता गबन्धनले एमाले सरकारका हुँदाका गतिविधि र प्रतिनिधिसभा विघटनलाई सम्झेको छ ।

सत्ता गठबन्धनको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा मंसिर ४ संविधान च्यात्न चाहने शक्तिविरुद्धको लडाइँ भएको बताइरहेका छन् । गठबन्धनमा रहेका माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा लगायतले पनि मंसिर ४ गते निर्वाचनमात्र नभई संविधान च्यात्न चाहने शक्तिविरुद्धको लडाइँ भएको बताइरहेका छन् । ठूलो मूल्य चुकाएर आएको संविधान च्यात्ने प्रयत्न रोक्नुपर्ने भन्दै गठबन्धनका नेताहरुले मत मागिरहेका छन् ।

शुक्रबार आफ्नो गृहपालिका गन्यापधुराको बडालमा चुनावीसभालाई सम्बोधन गर्दै कांग्रेस सभापति देउवाले भने, 'संविधान च्यात्ने काममा ओलीजीहरुको भूमिका ठूलो छ ।' विद्युत् आयोजनाहरु निर्माणले मात्र देशमा ठूलो रोजगारी सिर्जना हुने भएकोले गठबन्धनले पहिलो प्राथमिकतामा जलविद्युत् विकासलाई राखेको प्रधानमन्त्री देउवाले सुनाए ।

### सत्तागठबन्धनको एउटै एजेण्डा

# संविधानको रक्षा

## शीर्षस्थ नेताहरु गाँस, बास, शिक्षा, स्वास्थ्यको एजेण्डा भन्दा संविधानको एजेण्डा र प्रतिपक्षीको विरोधमा केन्द्रित भएका छन् ।



अहिले दुइटा गठबन्धन छ, कुन रोज्ने ? वाम/लोकतान्त्रिक आजसम्म प्राप्त उपलब्धि रक्षा गर्ने, संविधान जोगाउने हामी हौं ।

**माधव कुमार नेपाल**
अध्यक्ष, नेकपा एकीकृत समाजवादी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ कात्तिक

आगामी मङ्सिरमा हुने संसदीय निर्वाचनको मिति नजिकिँदै गर्दा सत्तागठबन्धनका शीर्षस्थ नेताको एजेण्डा नै बनेको छ, संविधानको रक्षा । हरेक भाषण मन्तव्य वा चुनावी कार्यक्रममा गएर उनीहरुले हामीले संविधानको रक्षा गर्यो तसर्थ भोट दिनुस् भनेर जनतालाई अपिल समेत गरिरहेका हुन्छन् ।

'हाम्रो यो अभियान गठबन्धन दलका उम्मेदवारलाई जिताउने र संविधान जोगाउने नै हो। यो वा त्यो दलका उम्मेदवार नभनी आफ्नै उम्मेदवार भनेर भोट हाल्नु होला। गिरिजाप्रसाद कोइरालादेखिको अभियान लिएर अगाडि बढेका छौं' नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने । उनले गठबन्धनले प्रतिगमनलाई परास्त गरेको र संविधानको रक्षा गर्छ भन्दै भोट दिन पटकपटक अपिल गरेका छन् ।

उनीमात्रै होईन, सत्तागठबन्धनको अर्को दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि एमाले हराउन र संविधानको रक्षा गर्न गठबन्धनलाई भोट दिनुपर्ने बताउँछन् ।

'यो चुनावमा दुइटा गठबन्धन आमानेसामने भएका छन्। एउटा पश्चगमनतिर अर्को अग्रगमनतिर। एउटा संविधान मास्नेतिर र अर्को संविधान रक्षा गर्ने पक्षमा। त्यसकारण मंसिर ४ को निर्वाचन सामान्य अवस्थाको जस्तो छैन' उनले भने, 'देशले जित्ने हो कि होइन। संविधान र लोकतन्त्रले जित्ने हो कि होइन जनताले जवाफ दिने बेला भएको छ' उनले भने ।

सत्तागठबन्धनका अर्का नेता माधव कुमार नेपाल पनि आगामी चुनावमा एमाले परास्थ गरि संविधानको रक्षा गर्ने दललाई जिताउन अपिल गरिरहेका छन् । 'अहिले दुइटा गठबन्धन छ, कुन रोज्ने? वाम/लोकतान्त्रिक आजसम्म प्राप्त उपलब्धि रक्षा गर्ने, संविधान जोगाउने हामी हौं,' उनले भने, 'केपी ओलीले नेतृत्व गरेको प्रगिगामी गठबन्धन छ । त्यो दक्षिणपन्थी गठबन्धन हो । संविधानको मर्म र भावनाविपरीत बोल्ने गठबन्धन ।' उनले भने । उनी पनि संविधान जोगाएकै भरमा गठबन्धनका नेतालाई जिताउन अपिल गर्दै आएका छन् ।

तर, गरिखाने वर्र्ग भने संविधान भन्दा पनि गाँस, बास, कपास, शिक्षा र रोजगारीको सुनिश्चितता गर्दिने नेतृत्व आवश्यकता रहेको बताउँछन् । हामीलाई संविधान होस् वा नहोस्सँग मतलब छैन, जसले

– बाँकी पृष्ठ २ मा

### डा. तोसिमाको उम्मेदवारी

# खारेज गर्न निर्वाचन आयोगकै भ्याकेट

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १८ कात्तिक

डा.तोसिमा कार्कीको उम्मेदवारी सन्दर्भमा भएको विवादमा नयाँ ट्वीस्ट आएको छ । निर्वाचन आयोगले नै कार्कीको उम्मेदवारी कायम राख्ने अन्तरिम आदेश खारेजीका लागि सर्वोच्च अदालतमा निवेदन दिएको छ । आयोगको टोलीले शुक्रबार सर्वोच्चमा निवेदन दिएको हो । आयोगले कार्कीको उम्मेदवारी कायमै राख्ने अन्तरिम आदेख खारेजीको माग गरेको छ ।

लाभको पदमा बसेर कार्कीले उम्मेदवारी दिएको उजुरी परेपछि आयोगले उनको उम्मेदवारी खारेज गरिदिएको थियो । मेडिकल काउन्सिलबाट भत्तामात्रै प्राप्त हुने भएकाले त्यस पदबारे निर्क्योलका लागि कार्कीले आयोगमा भदौ २८ गते निवेदन दिएकी थिइन् । आयोगले त्यस निवेदन कुनै सुनुवाइ नगरी आफूविरूद्धको उजुरीको आधारमा उम्मेदवारी खारेज गरेर अन्याय गरेको भन्दै कार्की सर्वोच्च पुगेकी थिइन् । कार्की राष्ट्रिय स्वतन्त्र पार्टीबाट ललितपुर-३ मा प्रतिनिधिसभाकी उम्मेदवार हुन् ।



भ्याकेट निवेदन परेकाले अब रिट दुई न्यायाधीशको इजलासमा जानेछ । एक न्यायाधीशको इजलासले दिएको अन्तरिम आदेश खारेज गरेमा उम्मेदवारको दौड सकिनेछ भने निरन्तरता भएमा चुनावी प्रतिस्पर्धामा सहभागी हुन पाउनेछिन् ।

नेपाल मेडिकल काउन्सिल सदस्यको रूपमा बैठक भत्ता लिने गरेको आधारमा लाभको पद भन्न नमिल्ने भन्दै उम्मेदवारी कायमै राख्न सर्वोच्चले अन्तरिम आदेश दिएको थियो । मंगलबार न्यायाधीश कुमार चुडालको एकल इजलासले कार्कीको उम्मेदवारी कायम रहने अन्तरिम आदेश दिएको थियो ।

आदेका संविधानले किटानीसाथ कुनै व्यक्तिलाई कुनै कुराको लागि योग्य वा समर्थ घोषित गरेको छ भने त्यस्तो व्यक्तिलाई

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# ईपीएस कोरिया शाखामा दलालहरुको जगजगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ कात्तिक

वैधानिक प्रक्रियाबाट रोजगारीका लागि दक्षिण कोरिया जानेक्रम सुस्त भएपछि छिटो पठाइदिने भन्दै ईपीएस कोरिया शाखा ग्वार्कोमा दलालहरूको जगजगी बढेको छ । कोरोना भाइरसको विश्वव्यापी संक्रमणका कारणले २०७६ साल चैतदेखि रोकिएको ईपीएसमार्फत कोरिया जाने क्रम २०७८ कात्तिकदेखि शुरुवात भएपनि अपेक्षितरुपमा भाषा तथा अन्य परीक्षा पास गरेका युवायुवती उक्त मुलुक जान पाएका छैनन् । २०७८ कात्तिकदेखि हालसम्म ८ हजार ८ सय ७० जनामात्र कोरिया जान पाएका छन् ।

कोरिया जानेक्रम सुस्त भएपछि छिटो पठाइदिने भन्दै भाषा परीक्षा पास गरेकै युवादेखि कोरियाको भिसा प्रक्रियाबारे कुनै जानकारी नपाएका बिचौलियाहरुले आफ्नो विभिन्न शक्ति केन्द्रमा पहुँच र प्रभाव रहेको झुटो आश्वासन दिएर ठग्ने गरेको बताइएको छ ।

ईपीएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले शुक्रबार एक सूचना जारी गरेर बिचौलियाहरुले कार्यालयका कर्मचारीको नाममा मोलमोलाई गरेर कार्यालयलाई नै बद्नाम गराएको बताएका छन् ।

कार्यालयले झुटो आश्वासन दिएर ठग्नेहरुका विरुद्ध अनुगमन शुरुवात गरेको भन्दै निर्देशक कटुवालले अनुचित आश्वासन दिएर ठगी गरेको पाइएमा कडा कारबाही गर्ने बताए ।

– बाँकी पृष्ठ २ मा

## युवालाई स्वदेशमै रोजगारी दिने संकल्प

काठमाडौं/रासस- युवालाई देशभित्रै स्वरोजगारी उपलब्ध गराउने नीतिसहित गान्धिवादी पार्टी नेपालले चुनावी संकल्पपत्र सार्वजनिक गरेको छ । सो पार्टीले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि सहभागिता जनाउँदै अवसरबाट बञ्चित युवालाई स्वदशमै विकास निर्माणका गतिविधिमा सरिक गराउने गरी संकल्प प्रस्ताव सार्वजनिक गरेको हो ।

सो पार्टीद्वारा सार्वजनिक संकल्प प्रस्तावमा देश विकासमा युवा र राष्ट्रका लागि राष्ट्रको लगानी भन्ने नाराका साथ कार्यक्रम सञ्चालन गर्ने, कृषि पेशा

– बाँकी पृष्ठ २ मा

अदालतको ठहर

# 'सन्दीपलाई निर्दोष मान्न मिलेन'

क्रिकेटर सन्दीप लामिछानेको मुद्दामा निरन्तर सुनुवाइ हुनेछ । शुक्रबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश माधव प्रसाद घिमिरेको इजलासले मंसिर ७ गते बकपत्रका लागि पीडितलाई झिकाउन आदेश दिएको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ कात्तिक

नाबालिकामाथि बलात्कार आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेलाई तत्काल प्राप्त प्रमाणहरुको आधारमा निर्दोष मान्न नसकिने ठहर भएको छ ।

शुक्रबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश माधव प्रसाद घिमिरेको इजलासले तत्काल प्राप्त प्रमाणहरुको आधारमा प्रतिवादी निर्दोष रहेछन् भन्ने मान्न नसकिने ठहर गर्दै लामिछानेलाई कारागार कार्यालय जगन्नाथदेवल पठाउन आदेश दिएको छ । अदालतले सीसीटीभी

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१९ कार्तिक २०७९, शनिबार
5 November 2022, Saturday

# मार्सीधानमा रोग लागेपछि आगो लगाएर नष्ट



**जुम्ला/मस-** जुम्लाको तातोपानी गाउँपालिका-४ स्थित गौतमवाडाका किसानले पाकेको मार्सीधानमा ब्लाष्ट रोग लागेपछि खेतमै आगो लगाएर नष्ट गरेका छन् । ब्लाष्ट रोगको संक्रमणले धान सखाप भएपछि आगो लगाउनेबाहेक अरु विकल्प नभएको किसान दीपक खत्रीले बताए ।


धान भित्र्याउन खेतमा पुगेका गौतमवाडाका किसानले धानको बाला नै नलागेपछि परालमा आगो लगाउनुपरेको बताए । गएको वर्ष १५ देखि १६ बोरा धान उत्पादन हुन्थ्यो । ब्लाष्ट रोगले धानको बालामा क्षति गरेको छ। उन्नत जातको धान रोप्दा चार बोरा मात्रै उत्पादन भयो । बाँकी सबै मार्सी धान सखाप भएपछि आगो लगाउन बाध्य भएको स्थानीयवासी खगेन्द्र खत्रीले जानकारी दिए ।

धानबाली सखाप भएपछि परिवारको जीविकोपार्जन गर्न कठिन भएको त्यहाँका किसानको गुनासो थियो । मार्सी धानले बाह्रै महिना खान पुग्ने भएकाले चामल किन्न बजार जानुपरेको थिएन पहिलो पटक बजार गएर सेतो चामलको भात खानुपर्ने दिन पनि आयो । जेठको पहिलो साता खेतमा मार्सी धानको रोपाइँ भएको थियो । धान उत्पादन नहुँदा उक्त गाउँका ६० घरधुरीलाई यो वर्ष खाद्यान्न अभाव हुने देखिएको गौतमवाडावासीले बताए ।

तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले गौतमवाडाका किसानको निवेदन प्राप्त भएको र पीडित किसानको राहतका लागि पालिकाले पहल गर्ने बताए । धानमा रोग फैलिएको सूचना पाएपछि कृषि प्राविधिकसहित जिल्ला कृषि विकास कार्यालयका प्रमुख गणेश अधिकारीसमेत किसानको खेतमा पुगेका थिए । किसानलाई विषादी छर्न अनुरोध गरिए पनि विषादीले कामै नगरेको उहाँको भनाइ थियो ।

मार्सी धानमा ब्लाष्ट रोगको संक्रमण भएको छ । उन्नत जातको उक्त धानमा यो रोगको खासै समस्या छैन तर मार्सी धानले किरा खप्न नसक्दा बढी क्षति हुने गरेको छ । धानको नमूना ल्याएर कृषि अनुसन्धान केन्द्रमा पठाएका थियौँ, केन्द्रले त्यसको विवरण कृषि अनुसन्धान परिषद्मा पठायो, कृषि वैज्ञानिकको परामर्शमा प्राविधिक पठाएर चुना र निलोथुतो छर्न लगायौँ तर धानमा लागेको रोग नियन्त्रणमा आएन् कार्यालय प्रमुख अधिकारीले बताए । जुम्लामा दुई हजार नौ सय हेक्टरमा धानखेती हुँदै आएकामा एक हजार हेक्टरमा मार्सी धानको खेती गरिँदै आएको उनले बताए ।

# दस महिनामा भित्रिए चार लाख ७३ हजार ५६३ पर्यटक



**काठमाडौं/मस-**पछिल्लो दस महिनाको अवधिमा झण्डै पाँच लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांकअनुसार अंग्रेजी वर्षको जनवरीदेखि अक्टोबरसम्म चार लाख ७३ हजार पाँच सय ६३ पर्यटकले नेपाल भ्रमण गरेका हुन्।

अक्टोबरमा मात्रै ८८ हजार पाँच सय ८२ पर्यटक नेपाल आएका छन्। पर्यटक आगमन दर यो वर्षको हालसम्मकै बढी संख्या हो । यसअघि अप्रिलमा सबैभन्दा बढी ६१ हजार पाँच सय ८९ पर्यटक नेपाल भित्रिएका थिए । सेप्टेम्बरमा ५८ हजार तीन सय १४, अगष्टमा ४१ हजार तीन सय ४, जुलाईमा ४४ हजार चार सय ६२ र जुनमा ४६ हजार नौ सय ७५ पर्यटक नेपाल आएका थिए । त्यसैगरी, मेमा ५३ हजार छ सय ८, मार्चमा ४२ हजार छ, फेब्रुअरीमा १९ हजार सात सय ६६ र जनवरीमा १६ हजार नौ सय ७५ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको संख्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए। तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको संख्या ८१ प्रतिशतले कमी आइ दुई लाख ३० हजार ८५ जना पर्यटक नेपाल भित्रिएका थिए। त्यसैगरी २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए । जुन सन् २०२० को तुलनामा ३४ दशमलव ४ प्रतिशतले कमी हो ।

पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले सन् २०१९ मा आएका कूल पर्यटकको संख्यामा ७० देखि ७५ प्रतिशतसम्म 'रिकभर' हुने अपेक्षा गरिएको र सोअनुसार पर्यटक आगमन भइरहेको बताए । उनले यही दरमा पर्यटक भित्रिए यो वर्ष छ लाखभन्दा बढी पर्यटक बताए ।

# प्रजनन् स्वास्थ्यमा सचेत बन्दै किशोरी



**सुर्खेत/रासस-**कर्णाली प्रदेशको राजधानी सुर्खेतसँग जोडिएको दैलेखको गुराँस गाउँपालिका-८ निवासी रुकमाया बुढाको २० वर्ष नपुग्दै विवाह भयो । सानैमा बिहे भएपछि उनको पढाइ पनि रोकियो ।

कलिलो उमेरमा बच्चा जन्मिएपछि पारिवारिक जिम्मेवारी पनि थपियो । शारीरिकरुपमा परिपक्क नहुँदै आमा बन्दा रुकमायाले कैयन समस्या भोगिन् । अहिले उनलाई कलिलै उमेरमा विवाह गरेकोमा पछुतो छ । सोही स्थानकी दिलमाया खड्काको अवस्था रुकमायाको भन्दा फरक छैन । खड्काले पनि २० वर्ष नपुग्दै विवाह गरिन् । विवाहपछि पढाइ रोकियो । साथमा कलिला काँधमा जिम्मेवारी थपियो ।

रुकमाया र दिलमाया जस्तै पीडा अन्य किशोरीको पनि छ । गाउँमा अझै पनि सानै उमेरमा बिहे गर्ने र आमा बन्नेक्रम रोकिएको छैन । तर कलिलैमा बिहे गर्दा हुने समस्या समाधानका लागि स्थानीय किशोरी सचेत बन्न थालेका छन् ।

आफ्नो प्रजनन् स्वास्थ्य मात्र होइन किशोरीले गाउँका अन्य महिलाको प्रजनन अधिकारबारे पनि जानकारी दिन थालेका छन् । सानैमा बिहे गर्ने र प्रजनन स्वास्थ्यमा ध्यान नदिँदा समस्या देखिन थालेपछि किशोरीले अभियान नै सञ्चालन गरेका हुन् । अभियानमार्फत् किशोरीले गाउँमा प्रजनन अधिकार र स्वास्थ्यबारे सचेत गराइरहेका छन् ।

सानै उमेरमा विवाह गर्दाको पश्चाताप उस्तै छ । सानै उमेरमा विवाह भएपछि पढाइमा त बाधा भयो नै रोजगारी नहुँदा आर्थिक समस्या हुँने रहेछ भन्ने उहाहरुलाई दुवै जनालाई महसुस भएको छ । सेभ द चिल्ड्रेन र सोसेक नेपालको साझेदारीमा गुराँस गाउँपालिकामा सञ्चालित सहयात्रा दोस्रो परियोजनाअन्तर्गत सञ्चालित 'मेरो पहिलो बच्चा कार्यक्रमअन्तर्गत' कक्षामा सहभागी भएपछि मात्र सानैमा बिहे गरेकी दिलमाया र रुकमायाले आफ्नो प्रजनन् अधिकार र स्वास्थ्यबारे जानकारी प्राप्त गरिन् । त्यसैले हिजोआज उनीहरु पनि गाउँका किशोरीलाई प्रजनन् स्वास्थ्यबारे जानकारी दिने अभियानमा सक्रिय बनेका छन् र

गुराँस गाउँपालिकाको वडा नं ८ का विभिन्न टोलमा मेरो पहिलो बच्चा कार्यक्रमअन्तर्गत सञ्चालन भएको यो कक्षाबाट एकसय पाँच जना किशोरीले प्रजनन् स्वास्थ्यसम्बन्धी शिक्षा लिएका छन् । सहजकर्तामार्फत उक्त कक्षामा कलिलैमा बिहे गर्न नुहुने, उमेर परिपक्क भएपछि मात्र पहिलो बच्चा जन्माउनुपर्ने, बच्चा जन्माउँदा जन्मान्तर कायम गर्नुपर्ने, गर्भवती अवस्थामा नियमित स्वास्थ्य जाँच गर्नुपर्ने, स्वास्थ्य संस्थामा मात्र सुत्केरी हुनुपर्ने, परिवार नियोजनका अस्थायी साधनको प्रयोग र बच्चालाई पोषिलो खानेकुरा खुवाउने विषयमा किशोरीलाई सचेत गराएको छ । यसबाट स्थानीय किशोरीहरुले प्रजनन स्वास्थ्यबारे सचेत बनेको र समाजमा पनि उनीहरुले ज्ञान बाँड्न थालेका छन् ।

सोकेक नेपालका अनुसार ठाटी, दोवाटो, खनारा, गर्चा र पाल्ते दुवाचौरमा सञ्चालित कक्षामा किशोरीले उमेर नपुगी गरिने विवाहको असर, आमा र बच्चाको स्वास्थ्यका लागि परिवार नियोजनका साधनका बारेमा जानकारी, नवविवाहित किशोरीको जीवनमा हुने परिवर्तनका बारेमा सिकेका छन् ।

उक्त कक्षाबाट सिकेको ज्ञानलाई अहिले आफैँले विद्यालय र घरमा गएर सिकाउने गरिएको किशोरी बताउँछन् । किशोरावस्थामा प्रजनन स्वास्थ्यको महत्व, महिनावारी, उर्भरता विधि तथा गर्भ कसरी रहन्छ, गर्भावस्थामा खतराका सङ्केत, बच्चा जन्माउनका लागि गर्नुपर्ने तयारी, गर्भावस्थामा हुने भावनात्मक परिवर्तन र व्यवस्थापन गर्ने प्रक्रिया, नवजात शिशुमा देखा पर्ने खतराका चिन्ह, नवजात शिशुको हेरचाह, स्तनपान, यौन तथा प्रजनन अधिकारलगायतका विषयमा २० हप्तासम्म छलफल गरिएको सोसेक नेपालका स्थानीय सहजकर्ता गोपिसरा वलीले बताए ।

कक्षामा सहभागी भएपछि अविवाहित किशोरीले २० वर्ष पूरा भएपछि मात्रै बिहे गर्ने अठोट गरेका सोसेक नेपालका फिल्ड अधिकृत कमला मल्लले बताइन् । उनका अनुसार कक्षामार्फत सकेसम्म कलिलै उमेरमा विवाह नगर्न र विवाह गरेपछि पनि बच्चा ढिलो जन्माउन किशोरीलाई सचेत गराएको छ ।

यस्तै सोसेक नेपालका बाल संरक्षण संयोजक निर्मल अधिकारीले कक्षामार्फत किशोरी सक्षम र आत्मनिर्णय गर्नसक्ने बनेको बताए । परिवार नियोजनका अस्थायी साधनका बारेमा जानकारी नपाएकै कारण अधिकांश किशोरीको स्वास्थ्य खराब बन्दै गएपछि संस्थाले यो कक्षामार्फत किशोरीलाई सजग बनाएको उनको भनाइ छ । परिवार नियोजनका साधनको प्रयोगले किशोरीको स्वास्थ्यलाई सुरक्षित गर्नुका साथै बालविवाह घटाउन सहयोग पुग्ने संस्थाको अपेक्षा छ ।

# स्वास्थ्य केन्द्रमा मतदान केन्द्र, स्थानीयवासीको विरोध




**झापा/मस-** झापाको मेचीनगर नगरपालिका-१० मा रहेको प्राथमिक धुलाबारी स्वास्थ्य केन्द्रमा मतदान केन्द्र तोकिएको छ ।

उक्त मतदान केन्द्र तोकिएको प्रति स्थानीयवासीले सामाजिक सञ्जालमार्फत विरोध जनाएका छन् ।

स्वास्थ्यचौकीजस्तो अति संवेदनशील स्थानमा मतदान केन्द्र तोकिँदा बिरामीलाई असर पर्ने जनाउँदै स्थानीयवासीले विरोध जनाएका हुन् । मेचीनगर-१० खयरडाँगीका महेश खड्काले विगतमा स्वास्थ्य केन्द्रमा मतदान हुँदै गर्दा एम्बुलेन्समा आएकी एक गर्भवती महिलाले सुविधा नपाउँदा मन खिन्न भएको कुरा सामाजिक सञ्जालमा उल्लेख गर्दै आगामी निर्वाचनमा मतदान केन्द्र नबनाइ दिनका लागि आग्रह गरेका छन् ।

'आँखै अगाडि देखेको यो घटनाले जीवनभर घोचिरहनेछ । अब आउने दिनमा हेल्थ पोस्टलाई निर्वाचन केन्द्र बनाउँदै गर्दा स्वास्थ्य सेवाबाट कोही पनि वञ्चित हुन नपरोस्' झापा क्षेत्र नं १ मा रहेको यस केन्द्रमा मतदान केन्द्र तोकिएकामा स्थानीय समाजसेवी देवीमाया गौतमले पनि विरोध जनाइन् ।

उनले निर्वाचन कार्यालयले विगतमा पटकपटक गरेको गल्ती यसपालि पनि दोहोऱ्याएको भन्दै आपत्ति जनाइन् । हरेक नागरिकको २४ घण्टै पाउनुपर्ने स्वास्थ्योपचारको अधिकारमाथि निर्वाचन कार्यालयले हनन गरेको उनको आरोप छ ।

क्षेत्र नं १ का निर्वाचन अधिकृत टंकबहादुर महतले स्वास्थ्य केन्द्रलाई मतदान केन्द्र बनाउनु उचित नभए पनि तत्काल विकल्प नभएको बताए । उनले भने, 'पहिलादेखि नै कसरी रह्यो, पहिल्यै सुधार गर्नुपर्थ्यो । अब ठाउँ तोकिएको स्थानबाट ठाउँ सार्न पाइँदैन, अर्को उपाय छैन ।'

स्वास्थ्य केन्द्रमा मतदान केन्द्र बनाउँदा बिरामीलाई असर पर्नेमा आफू चिन्तित भएपनि तत्काल केही गर्न नसकिने उनले बताए । झापामा दुई सय ८५ मतदानस्थल र सात सय ५५ मतदान केन्द्र रहेका छन् ।

## सत्तागठबन्धनको...

हाम्रो गाउँमा बाटो, पानी, खेतीमा सहयोग, जागिरको व्यवस्था गर्दिन्छ, उसैलाई भोट दिने हो, काभ्रे पनौतीका किसान केशव पौडलले भने । उनले अहिलेका दलबाट आफूलाई कुनै अपेक्षा नरहेको समेत प्रष्ट बनाएका छन् । राजनीतिक दलका शीर्षस्थ नेताहरु गाँस, बास, शिक्षा, स्वास्थ्यको एजेण्डा भन्दा पनि जतिबेलै संविधानको एजेण्डा र प्रतिपक्षीको विरोधमात्रै गरेपछि जनताको आक्रोश झन् बढ्न थालेको छ । तसर्थ, आगामी चुनाव दलहरुका लागि चुनौती बन्ने प्रष्ट छ ।

## डा. तोसिमाको...

प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै किसिमबाट होस् कानुनले अयोग्य घोषित गर्न नमिल्ने भनी सर्वोच्चले व्याख्या गरेको छ । कार्की नेपाल मेडिकल काउन्सिलको निर्वाचित सदस्य रहेको र उक्त पद लाभको पद भएको भन्दै निर्वाचन आयोगले १२ कात्तिकमा कार्कीको उम्मेदवारी खारेज गरिदिएको थियो । आयोगको उक्त निर्णयविरुद्ध कार्कीलेसर्वोच्च अदालतमा रिट दिएकी थिइन् ।

यसमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले मेडिकल काउन्सिलको सदस्य पद नियमित पारिश्रमिक पाउने पद वा नियमित जिम्मेवारीको पद नभएको बताएको छ । प्रतिनिधिसभा सदस्यको निर्वाचन एन २०७४ को दफा १२ को खण्ड (ङ) अनुसार काउन्सिलको सदस्य पद लाभको पद नमानिने व्याख्या गरिएको छ ।आदेशमा भनिएको छ, 'कुनै काउन्सिल वा संगठित संस्थाको बैठकमा भाग लिँदा पाउने बैठक भत्ता वा भ्रमण भत्ता वा सवारी खर्च जस्ता आर्थिक लाभ नियमित प्रकृतिको नहुने अस्थाको देखिन आउँछ ।'

सर्वोच्चले महेन्द्रबहादुर पाण्डेविरुद्ध निर्वाचन आयोग भएको मुद्दाको नजीर पनि उल्लेख गरेको छ । जसमा 'संविधानले किटानीसाथ कुनै व्यक्तिलाई कुनै कुराको लागि योग्य वा समर्थ घोषित गरेको छ भने त्यस्तो व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै किसिमबाट होस् कानुनले अयोग्य घोषित गर्न नमिल्ने भनी सर्वोच्चले व्याख्या गरेको छ । सर्वोच्चको आदेशसँगै कार्कीको उम्मेदवारी तत्कालका लागि कायम भएको छ । अब दुई न्यायाधीश रहने संयुक्त इजलासमा यस मुद्दाको सुनुवाइ हुनेछ । विपक्षीहरुले उम्मेदवारी कायम नरहने तथ्य र प्रमाण पेस गर्न सकेमा उनको अन्तरिम आदेशको निरन्तरता नरहन सक्नेछ भने दुई न्यायाधीशको इजलासले समेत अन्तरिम आदेशको निरन्तरता हुने आदेश गरेमा उनी चुनावी प्रतिस्पर्धामा सहभागी हुन पाउनेछिन् ।

सर्वोच्च अदालतको अन्तरिम आदेशविरुद्ध विपक्षी निर्वाचन आयोग भ्याकेट निवेदन लिएर सर्वोच्च गएको हो । भ्याकेट निवेदन परेकाले अब उक्त रिट दुई न्यायाधीशको इजलासमा जानेछ । उक्त इजलासले एक न्यायाधीशको इजलासले दिएको अन्तरिम आदेश खारेज गरेमा उम्मेदवारको दौड सकिनेछ भने निरन्तरता भएमा उनी चुनावी प्रतिस्पर्धामा सहभागी हुन पाउनेछिन् ।

## ईपीएस...

कार्यालयले भिसासम्बन्धी अनलाइनबाट गर्ने कामहरु विभागको वेबसाइटमा हेर्न सकिने भन्दै कार्यालय परिसर बाहिर रहेका बीमा, फोटोकपी, कम्प्युटर प्रिन्टिङ लगायत सेवा लिँदा प्रचलित दररेट भन्दा बढी रकम नतिर्न पनि सेवाग्राहीलाई आग्रह गरेको छ ।

कसैले अनुचितरुपमा रकम माग गरेरमा प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय ललितपुरमा खबर गर्नसमेत कार्यालयले ध्यानाकर्षण गराएको छ ।

## युवालाई ...

र किसानलाई आदर गदै वैज्ञानिक साधन र स्रोतको परिचालन गरी व्यावसायिक कृषिलाई प्रवर्द्धन गरिने उल्लेख गरिएको छ । त्यसैगरी युवालाई रोजगारको अवसर दिन, सेवा र सुविधाबाट वञ्चित नेपाली नागरिकलाई आकस्मिक सेवा र सहयोग पुऱ्याउन 'परिवार हित कोष'को व्यवस्था गर्ने विषय प्रस्तावमा समेटिएको छ ।

उदारवादको सिद्धान्तलाई अनुसरण गरेको सो पार्टीले व्यक्तिको राजनीतिक, नागरिक र मानवअधिकारको प्रत्याभूतिलाई जोड दिएको, शैक्षिक तथा आर्थिक नीति, वृद्धवृद्धा र एकल महिलाको हक अधिकार सुनिश्चित गर्न प्रतिबद्धता जनाएको, जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय शासनप्रणाली अवलम्बन गर्ने पक्षमा रहेको र सन्तुलित विदेश नीतिलाई अंगिकार गरेको छ ।

प्रदेश सरकारलाई मौद्रिक, परराष्ट्र र केन्द्र सरकारले प्रयोग गर्ने अधिकार बाहेक पूर्णस्वतन्त्र अधिकार प्रदान गरी सो को विकास र संरचनामा विशेष जोड दिने सो पार्टीको संकल्प प्रस्तावमा उल्लेख छ । एक घर एक रोजगारको नीतिलाई जोड दिएको सो पार्टीले नागरिकको सामाजिक सुरक्षा सुनिश्चित गर्ने, जन्मदेखि मृत्युसम्मको एकीकृत सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथकिता दिने, चार वर्षसम्मका बालबालिका र ७० वर्ष नाघेका वृद्धवृद्धालाई पोषणयुक्त खानासहित स्वास्थ्य सुविधि प्रदान गर्ने मुद्दालाई आफ्नो संकल्प प्रस्तावमा समावेश गरिएको छ ।

गान्धी पार्टीले आसन्न प्रतिनिधिसभाको निर्वाचनमा र प्रदेशसभाको निर्वाचनमा छ जना उम्मेदवारी दिई निर्वाचनमा होमिएको छ । उक्त पार्टीले प्रतिनिधिसभा सदस्यमा चार जना र प्रदेशसभामा दुई जनालाई उम्मेदवार बनाएको छ । गान्धिवादी पार्टीले प्रतिनिधिसभातर्फ काठमाडौं क्षेत्र नं २, रौतहट क्षेत्र नं २, रुपन्देही क्षेत्र नं ३ र सर्लाही क्षेत्र नं ३ मा उम्मेदवारी दिएको छ । प्रदेशसभातर्फ रौतहट क्षेत्र ४(१) र सर्लाही क्षेत्र ४(१) मा उम्मेदवारी रहेको पार्टी अध्यक्ष लालबहादुर रानाले जानकारी दिए ।

## अदालतको...

फुटेज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवादीको बयान व्यहोराबीच अपसमा तादात्मयता रहेको तथ्य देखिएको जनाएको छ । यस्तै होस्टलमा बस्ने पीडितले आफ्नो बारेमा होस्टललाई कुनै जानकारी नदिइ बाहिर गएको देखिएको पनि अदालतको आदेशमा निष्कर्ष निकालिएको छ । यसतर्फ सन्दीपले सोको कुनै जानकारी नगराएको र प्रतिवादीले घटनाको भोलिपल्ट अन्तर्राष्ट्रियस्तरमा क्रिकेट खेल्न जाँदै गर्दाको आफ्नो गहन जिम्मेवारीलाई नहेरी, पब्लिक स्टाटसलाई समेत ख्याल गर्नुपर्नेमा ध्यान नदिएको देखिएको अदालतको भनाइ छ ।

अदालतको आदेशमा भनिएको छ, 'यसरी हेर्दा प्रमाण ऐन, २०३१ को दफा १० अनुसार पीडित र मौकामा कागज गर्ने मानिसहरुले व्यक्त गरेको कुरा प्रमाणमा ग्राह्य हुने अवस्था रहेको र ऐ. एनको दफा १८ ख अनुसार थुनछेक प्रयोजनका लागि अधिकार प्राप्त अधिकारीले गराएको मौकाका कागज प्रमाणहरु प्रमाणमा ग्रहण गर्न सकिने कानुनी व्यवस्था रहेको देखिन्छ । उक्त कानुनी व्यवस्थालाई मध्यनजर गरी हेर्दा उल्लेखित तत्काल प्राप्त प्रमाणहरुको आधारमा यी प्रतिवादी निर्दोष रहेछन् भनि मान्न मिलेन ।'

मिसिलमा संलग्न प्रमाणहरुको परीक्षण गरी थप प्रमाणहरु बुझ्दै जाँदा पछि ठहरेबमोजम हुनेगरी हाललाई लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश अदालतले गरेको हो । यस्तै प्रतिवादीकोतर्फबाट पीडितको उमेरको सम्बन्धमा प्रश्न उठाइएको र त्यसबारे जन्मदर्ताको फोटोकपी पेस गरेको देखिन आएकाले त्यसबारे परीक्षणपछि एकिन हुने अदालतको बुझाइ छ ।

मुद्दा निरन्तर सुनुवाइमा जाने भएकाले अदालतले जाहेरवाला, पीडित, बुझिएका मानिसहरु र पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकलाई बकपत्रका लागि मंसिर ७ मा उपस्थित गराउन आदेश दिएको छ । यस्तै प्रतिवादीले बयानका साग पेस गरेको पीडितको जन्मदर्ताको अभिलेख किताबसहितको सक्कलप्रति सम्बन्धित कार्यालयबाट झिकाउन तथा पीडितले नागरिकता बनाउँदा भरेको अनुसूची फारामसहितको प्रतिलिपी सम्बन्धित कार्यालयबाट झिकाउन आदेश भएको छ ।

अर्थात, क्रिकेटर सन्दीप लामिछानेको मुद्दामा निरन्तर सुनुवाइ हुनेछ । घिमिरेको इजलासले मंसिर ७ गते बकपत्रका लागि पीडितलाई झिकाउन आदेश दिएको छ ।

यस्तै जिल्ला अदालत काठमाडौंले लामिछानेविरुद्ध जबर्जस्ती करणीको कसूरमा किटानी जाहेरी दिने किशोरीको जन्मदर्ताको अभिलेख किताबको सक्कल प्रति झिकाउन आदेश दिएको छ । लामिछानेका वकिलले जाहेरीकर्ता नाबालिग नभएको दाबी गर्दै उनको जन्म मितिमा विवाद भएको दाबी गरेका थिए । अदालतले शुक्रवार आज क्रिकेटर लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । गत भदौ ५ गते राति एक १७ वर्षीय किशोरीलाई सिनामंगलको होटलमा बलात्कार गरेको आरोप सन्दीपमाथि छ । सन्दीपविरुद्ध भदौ २२ गते प्रहरी वृत्त गौशालामा जाहेरी परेको थियो ।

**UAE मा रोजगार** | कम्पनी: A D N H GENERAL SECURITY GUARD SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०७/०६ | चलानी नं.: ६०१८९८९४ | LT. No.:274230 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 94 | 0 | स. काममा दक्ष | 2100 | ७५,५५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २६ गते (12 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४१११११२६, ०१४५६२६५१
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

# कूल मतपत्र आठ करोड तीन लाख ९४ हजार

**काठमाडौं/मस–** आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने कूल आठ करोड तीन लाख ९४ हजार पाँच सय मतपत्रको छपाइ सम्पन्न भएको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका प्रतिनिधिसभातर्फ एक करोड ९८ लाख ७१ हजार र समानुपातिकतर्फ दुई करोड चार लाख २१ हजार मतपत्र छपाइ भएको छ। प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि एक करोड ९९ लाख १८ हजार पाँच सय र समानुपातिकतर्फ दुई करोड एक लाख ८४ हजार मतपत्र छपाइ सम्पन्न भएको छ।

निर्वाचन आयोगले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई मतपत्र छपाइको जिम्मा दिएको थियो।



उपराष्ट्रपतिसँग आयोगका पदाधिकारीको भेट

उपराष्ट्रपति नन्दबहादुर पुनसँग निर्वाचन आयोग, नेपालका प्रमुख निर्वाचन आयुक्त एवं पदाधिकारीले भेटवार्ता गरेका छन्।

उपराष्ट्रपति निवास लाजिम्पाटमा भएको सो भेटका क्रममा माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनको व्यवस्थापन र तयारीका बारेमा अवगत गराउँदै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गराउन आयोगले कुनै कसर बाँकी नराख्ने बताए।

उपराष्ट्रपति पुनले स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने कार्यमा आयोगले पूर्ण सफलता प्राप्त गर्नेछ भन्ने विश्वास व्यक्त गरे। उनले आगामी मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पुग्ने युवाहरूले समेत मतदान गर्न पाउने गरी 'कट-अफ-डेट' तय गरेको र आफ्नो निर्वाचन क्षेत्रमा मतदान गर्न जान नपाउने सरकारी कर्मचारी, वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिक, कैदीबन्दी र सुरक्षाकर्मीका लागि प्रतिनिसभा सदस्य निर्वाचनको समानुपातिक प्रणालीतर्फ मतदान गर्ने अवसरका लागि अस्थायी मतदाताको समेत व्यवस्था गरेकोमा आयोगको उच्च प्रशंसा गरे।

सो अवसरमा आयोगका आयुक्तहरु रामप्रसाद भण्डारी र डा. जानकीकुमारी तुलाधर, सचिव गोकर्णमणि दुवाडी, सहसचिव शालिग्राम शर्मा पौडेलसमेतको सहभागिता रहेको थियो।

# मुक्तिनाथ हिन्दू र बौद्धमार्गीको आस्थाको धरोहर : राष्ट्रपति



**मुस्ताङ/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले यहाँको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ विश्वभरिका हिन्दू र बौद्धमार्गीको आस्थाको धरोहरका रुपमा रहेको बताइन्।

शुक्रबार मुक्तिनाथ मन्दिर परिसरमा निर्मित भगवान् गौतम बुद्धको प्रतिमा अनावरण एवं भगवान् विष्णुको प्रतिमा शिलान्यासपछि राष्ट्रपति भण्डारीले मुक्तिनाथ क्षेत्र नेपालकै विशिष्ट धार्मिक एवं सांस्कृतिक सम्पदा रहेको उल्लेख गरिन्।

उनले बुद्धको प्रतिमा अनावरण र भगवान् विष्णुको प्रतिमा शिलान्यास गर्न पाउनुलाई आफूले ऐतिहासिक अवसरका रुपमा लिएको पनि बताइन्। उनले भनिन्,'मूर्ति अनावरण तथा शिलान्यासमा सहभागी हुन पाएकामा खुसी व्यक्त गर्दछु। यसबाट हिन्दू र बौद्ध समुदायको साझा आस्थाको केन्द्रका रुपमा रहेको मुक्तिनाथ क्षेत्रको धार्मिक एवं पर्यटकीय महत्व अझ बढ्न जाने मैले विश्वास लिएकी छु।'

बहुसाँस्कृतिक आयाम बोकेर सदियौँको इतिहास समेटेको मुक्तिनाथ क्षेत्र र मुक्तिनाथ मन्दिरको महत्वलाई पौराणिक ग्रन्थले ठूलो सम्मानका साथ उल्लेख गरेको उनको भनाइ थियो। राष्ट्रपति भण्डारीले भौगोलिक, सामाजिक र सांस्कृतिक हिसाबले मुस्ताङ विशिष्ट रहेको बताइन्।

'मुस्ताङमा रहेका धार्मिक, सांस्कृतिक सम्पदा हाम्रा अमूल्य निधी हुन्, यिनीहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुनुपर्छ, यसबाट प्राप्त आर्थिक लाभ यहीँका जनताको सुख र समृद्धिका लागि सदुपयोग गरिनुपर्छ', उनले भनिन्।

उनले मुस्ताङका धार्मिक तथा पर्यटकीय क्षेत्रको भौतिक तथा पूर्वाधार विकासमा संघ, प्रदेश र स्थानीय तहले समन्वयकारी पहल लिनुपर्ने धारणा राखिन्। राष्ट्रपति भण्डारीले मित्रराष्ट्र चीनसँग व्यापारिक सम्पर्क स्थापित गर्न सहज हुने कोराला नाकाले मुस्ताङलाई अर्को परिचय दिएको बताइन्।

'हाम्रा उत्पादनका लागि सहज बजार हुने दुई देशका बीचमा स्थल मार्ग हुँदै व्यापार विस्तार गर्ने नयाँ सम्भावना कोराला नाकाले खोल्ने भएकाले स्थल मार्गबाट नाका सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणमा ध्यान दिनुपर्दछ उनले भनिन्।

राष्ट्रपति भण्डारीले शुक्रबार बिहान मुक्तिनाथ मन्दिरमा विशेष पूजाआजासमेत गरेका थिइन्। मन्दिर परिसरमा रहेका १०८ धाराको परिक्रमासँगै मन्दिरमा विशेष पूजाआजा गर्नुभएकी प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए।

राष्ट्रपतिले मुक्तिनाथको रानीपौवामा निर्माण गरिएको 'लो मुस्ताङ हिमालयन रिसोर्ट'को पनि उद्घाटन गर्नुभएको जनाइएको छ। गैरआवासीय नेपाली सङ्घका पूर्वउपाध्यक्ष एवं उद्यमी सोनाम लामाको निजी लगानीमा मुक्तिनाथमा गौतमबुद्धको मूर्ति निर्माण गरिएको थियो। भगवान् विष्णुको मूर्ति पनि उहाँकै लगानीमा बन्न लागेको हो।

# ब्याजदर वृद्धिविरुद्ध उद्योगी व्यवसायीको सांकेतिक प्रदर्शन



**काठमाडौं/मस–** बैंकहरुले ब्याजदर वृद्धि गरेको विरोधमा उद्योग व्यवसायीले शुक्रबार प्रदर्शन गरेका छन्।

ब्याजदरमा स्थायित्व हुनुपर्ने, सहजरुपमा ऋण नवीकरण गर्न पाउनुपर्ने, आधारदरका कारण बढेको प्रिमियम घटाउनुपर्ने, बैंक तथा वित्तीय संस्थाले लिइरहेको सेवाशुल्क घटाउने तथा अतिरिक्त शुल्क लिन नपाउनेलगायतका माग राख्दै उनीहरुले प्रदर्शन गरेका हुन्।

ब्याजदर वृद्धिलगायत विभिन्न कारणले उद्योग व्यवसायको लागत बढेको भन्दै उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायको ध्यानाकर्षणका लागि माइतीघर मण्डलामा प्रदर्शन गरेको नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले बताए।

उनले भने, 'बैंकको ब्याजदर वृद्धि उद्योगी व्यवसायीले खप्नै नसक्ने अवस्था भयो। सरकार र सम्बन्धित निकायको ध्यानाकर्षणका लागि विरोध कार्यक्रम गरेका हौँ। समस्यामा परेका उद्योगी व्यवसायी स्वतःस्फूर्तरुपमा विरोध कार्यक्रममा आएका छन्। सम्बन्धित निकायको ध्यानाकर्षण हुन्छ भन्ने आशा छ।'

सांकेतिक विरोध कार्यक्रममा विभिन्न प्रदेश तथा जिल्ला सङ्घ, वस्तुगत सङ्घ सहभागी भएको उपाध्यक्ष श्रेष्ठले बताए। विरोध कार्यक्रमको निरन्तरताका रुपमा आइतबारदेखि विभिन्न जिल्लामा उद्योग व्यवसाय बन्द गर्ने तयारी रहेको उनको भनाइ छ।

प्रदर्शनमा उद्योगी व्यवसायीले 'बैंक हामीलाई प्यारो छ, ब्याजदर वृद्धिले हामीलाई गाह्रो छ' 'ब्याजदर चर्को भो, गरिखान गाह्रो भो', 'उद्योग व्यापार नबचे अर्थतन्त्र बच्दैन' जस्ता नारा लेखिएका ब्यानर बोकेका थिए।

वित्तीय क्षेत्रका समस्या समाधान गर्न भन्दै महासङ्घका प्रतिनिधिले अघिल्लो साता नेपाल राष्ट्र बैंकलाई ध्यानाकर्षण पत्र बुझाएको थियो। अर्थतन्त्रमा आन्तरिक र बाह्य कारणले असर पारिरहेकाले तरलता व्यवस्थापनमा समस्या, ब्याजदरमा स्थायित्व, बाह्य क्षेत्र व्यवस्थापन र मूल्य स्थिरताका लागि राष्ट्र बैंकले पहल गर्नुपर्ने उद्योगी व्यवसायीको माग छ।

# कर्णालीमा खाद्य मापन प्रयोगशाला सञ्चालनमा




**सुर्खेत/मस–** कर्णाली प्रदेशमा पहिलोपटक खाद्यान्न तथा दुग्ध मापन प्रयोगशाला सञ्चालनमा आएको छ। खाद्य तथा अन्य दैनिक उपभोग्य वस्तुको गुणस्तर मापनका लागि नमूना परीक्षण कर्णालीमै गर्न सुर्खेतमा प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको हो।

हालसम्म प्रयोगशाला नहुँदा काठमाडौँ पठाउनुपर्ने बाध्यता थियो। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गत जेठदेखि प्रयोगशाला सञ्चालनमा ल्याएको हो। कार्यालयका निमित्त प्रमुख भेषबहादुर थापाले कर्णालीमै पहिलोपटक ल्याब स्थापनापछि खाद्य गुणस्तर मापनमा सहज भएको र उपभोक्ताको विश्वस्नीयता पनि बढेको जानकारी दिए।

'हामीले कर्णालीमै पहिलोपटक खाद्य वस्तुको गुणस्तर मापनका लागि ल्याब स्थापना गरेका छौँ' उनले भने, 'अहिलेसम्म हामीले दूध, तेल, सागपातलगायतका ९६ वटा नमूना परीक्षण गरिसकेका छौँ, यसले नागरिकको गुणस्तरीय खाद्यान्न प्रयोग गर्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ।'

प्रयोगशाला स्थापनापछि खाद्यान्नप्रतिको नागरिकको गुनासो सम्बोधन हुँदै गएको उहाँले बताउनुभयो। प्रयोगशालामा पर्याप्त जनशक्तिको अभाव देखिएको छ। ल्याब मात्र चलाउने नभई कार्यालयमा २१ जनाको दरबन्दी भएको उल्लेख गर्दै उनले अहिले आठ जनामात्रै कर्मचारी रहेको जानकारी दिए।

कार्यालयले बजार अनुगमनलाई पनि तीव्रता दिएको छ। साउनदेखि असोजसम्म दुई सय ४८ पटक बजार अनुगमन गरिएको र मापदण्ड बाहिर रहेका तीनवटा दलहन उद्योग शिलबन्दी गरिएको छ। अहिले कार्यालयलाई प्रदेशभर हेर्ने जिम्मेवारी दिइएको भए पनि भौगलिक विकता, सीमित स्रोत, साधन र कर्मचारी अभावका कारण काम गर्न चुनौती रहेको थापाले बताए।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतले आफ्नो तीन महिनाको प्रगति सार्वजनिक गरेको छ। बिहीबार कर्णाली प्रदेशको राजधानी सुर्खेतमा त्रैमासिक समीक्षा गर्दै आफ्नो तीन महिनाको प्रगति सार्वजनिक गरेको हो। जसअन्तर्गत कार्यालयले ४०.६७ प्रतिशत लक्ष्य पूरा गरेको जनाएको छ। कार्यालयका निमित्त प्रमुख थापाले कार्यालयले ४०.६७ प्रतिशत भौतिक प्रगति र ५६.६८ प्रतिशत वित्तीय प्रगति गरेको जानकारी दिए।

यता माथिल्लो कर्णालीका तीन जिल्ला हेरिरहेको जुम्ला कार्यालयका प्रमुख डा ईश्वर सुवेदीले तीन महिनामा जुम्ला कार्यालयले ७५ प्रतिशत लक्ष्य पूरा गरेको बताए। त्यसैगरी ५६.४८ प्रतिशत वित्तीय प्रगति भएको उनको भनाइ छ। कार्यक्रममा बोल्दै सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले पानी, दूध र तेलमा उपभोक्ता ठगी हुने गरेको भन्दै यसतर्फ अनुगमनलाई बढाउन सुझाव दिए।

उनले विशेषगरी आम उपभोक्तालाई आफूले खाने खाद्यवस्तुको गुणस्तरका बारेमा जानकारी गराउनुपर्नेमा जोड दिए। कार्यक्रममा नागरिक समाजका अगुवा पिताम्बर ढकालले उपभोक्ताको हितका लागि कार्यालयले राम्रो काम गरेको भन्दै आगामी दिनमा अझै अनुगमन तथा गुणस्तर मापनलाई जोड दिनुपर्ने बताए।

प्रदेश सरकार
सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय, मोरङ
प्रदेश नं.१, विराटनगर

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकासित मिति २०७९/०७/१९)

यस कार्यालय बाट मिति २०७९/०५/१५ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार मिति २०७९/०६/१४ गते दिउसो १२ बजे सम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका तथा सोही दिन दिउसो १ बजे खोलीएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागी छनौट भएको हुदाँ सार्वजनिक खरिद एन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ।

तपसिलः–

| सि.नं | विवरण | छनौट गरीएको बोलपत्र दाता | कबोल अंक मू.अ.कर समेत) |
|---|---|---|---|
| 1 | Procurement and Supply of Fabricated Steel parts up to the road head for 4 trail bridges (IDO/MOR/NCB/TB-01/079-80) | Jalap Nepal (P) Ltd, Gauriganj, Chitwan | 99,67,585.65 |
| 2 | Procurement and Supply of Fabricated Steel parts up to the road head for 5 trail bridges (IDO/MOR/NCB/TB-02/079-80) | Mainawati Steel Industries Pvt. Ltd, Thapathali, Kathmandu | 1,67,64,293.50 |

ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!
शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

FREE VISA! FREE TICKET! FREE PASSPORT! FREE MEDICAL CHECKUP! FREE VISA PROCESSING!
FREE TRANSPORTATION, LODGING & MEALS (FROM SELECTION-TILL DEPARTUTE)
निःशुल्क भिसा ! निःशुल्क हवाई टिकट ! निःशुल्क राहदानी ! निःशुल्क स्वास्थ्य जाँच !
निःशुल्क भिसा प्रक्रिया ! निःशुल्क यातायात, आवास र खाना (छनोट पस्चात–उडान अवधिसम्म)

रोजगारदाता कम्पनी : फुजी ग्लोबल चकलेट (एम) एसडिएन बिएचडी । ठेगाना : गेलङ्ग पाथ
(Employer Company) : FUJI GLOBAL CHOCOLATE (M) SDN.BHD. | Address: Gelang Patah

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०७९/०७/१७ | चलानी नं.: | ६०१९०५४१ | एल टि नं.: | २७४७३५ |
| Pre Approval Date: | 2022/11/03 | Invoice No.: | 60190541 | L.T. No.: | 274735 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) औद्योगिक कामदार | २५ 25 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४१,८३५ 41,835 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।– रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants. are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

अनलाइन अन्तर्वार्ता ट्रेन्डवे इन्टरनेशनल अफिस, मध्य बानेश्वर, मिलन चोक, काठमाडौंबाट मिति २०७९ कात्तिक २६ गतेमा हुनेछ ।
Online Interview will be held from Trendway Int'l office, Mid baneshwor, Milan chowk, Kathmandu on 12th, November 2022.

अन्तर्वार्ता कोभिड–१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैभ क्रियाकलाप गर्न/गराउन खोजेमा कृपया हामीलाई निम्न सम्पर्क नम्बर र इमेलमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । हामी तपाईको गोपनियता सुनिश्चित राख्नेछौं ।
If anyone shows any kind of false temptations, financial demands or force to involve into any illigal activity, please contact us on the following contact number and email. We shall maintain your confidentiality.

Helpline: +977 9869135666 | Email: grievance@trendwayinternational.com

ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्तकर्ता छैन ।
Trendway International does not have any branch or mediator/sub agent representative.

Trendway International Pvt Ltd is committed to abide laws and principle guidelines of 'ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.
ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.ले "शुन्य लागत" र "नैतीक भर्ती" को कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागी प्रतिबद्धता व्यक्त गर्दछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Beyond Horizon...
Trendway International Pvt. Ltd.
License No. 616/063/064
ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.

Address: House No.89/21, Bal Bhadra Marg, Milan Chowk, Mid-Baneshwor, Kathmandu, Nepal
ठेगानाः घर नं. ८९/२१, बालभद्र मार्ग, मिलन चोक, मध्यबानेश्वर, काठमाडौं, नेपाल
Contact No. : (+977) 01-4105016, 01-4105017
सम्पर्क नं. : (००९७७) ०१–४१०५०१६, ०१–४१०५०१७
: 9801162555, 9801189555 (९८०११६२५५५, ९८०११८९५५५)
Hotline Number (हटलाईन नम्बर): 9851301000 (९८५१३०१०००)

पुस्तक समीक्षा

# ‘रुइबा’ रोएरै पढिसकिने उपन्यास !

**महिला पात्रमाथि बुनिएको रुइबा उपन्यासले नेपालका ग्रामीण क्षेत्रका महिलाको अवस्था कस्तो छ भन्ने कुरा प्रष्ट्याएको छ । सामाजिक तथा आर्थिक अवस्थासँगै वैदेशिक रोजगारका नाममा मान्छे ओसार्ने कुपात्रको पर्दाफास पनि यो उपन्यासले गरेको छ ।**



■ शर्मिला कार्की ‘शरु’

सररै पढिसकेँ चेतनाथ आचार्यले लेख्नुभएको उपन्यास ‘रुइबा’ । हात परेको धेरै अघि, मलाई फुर्सद भएको चाहिँ निकै पछि । राम्रै फुर्सद भएको पनि कहाँ हो र ? हामी महिलाले पढ्न, लेख्न सहजले के पाइन्थ्यो ? तैपनि जसोतसो फुर्सद निकालेर पढेँ ।

अनौठो लागेको थियो यो नाम शुरुमा हेर्दा । अगाडि कभरको चित्रले यो रुइबा नामकी पात्रको कथा रहेछ भन्ने लागेको थियो होइन रहेछ । तामाङ भाषाको शब्द रहेछ र यसको अर्थ पनि अर्कै रहेछ ।

म कुनै समीक्षक/समालोचक होइन, पाठकसम्म हुँ । यो उपन्यास पनि सामान्य पाठककै हिसाबले पढेँ भन्ने लाग्छ । सर्सर्ती कथा वा घटना मात्रै जानेँ मैले । यसका बहुपक्षीय दृष्टिकोणलाई नबुझेको हुनसक्छु ।

